# सर्वोच्च अदालत, संयुक्त इजलास

## सम्माननीय का.मु प्रधान न्यायाधीश श्री दीपककुमार कार्की

## माननीय न्यायाधीश डा. श्री कुमार चुडाल

## आदेश

०७८-WO-१२८६

विषयः **उत्प्रेषण, परमादेश समेत** ।

ओखलढुङ्गा जिल्ला, साविक रुम्जाटार गा.वि.स., वडा नं. ६, हाल ओखलढुङ्गा जिल्ला, सिद्धिचरण नगरपालिका, वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ४ बस्ने बमप्रसाद पोखरेलको नाति, लक्ष्मणप्रसाद पोखरेलको छोरा, नेपाल प्रहरीको जनपद प्रहरी समूहतर्फ नेपाल प्रहरी प्रधान कार्यालय, मानव श्रोत विकास विभागमा प्रहरी अतिरिक्त महानिरीक्षक पदमा कार्यरत विश्वराज पोखरेल .......१ निवेदक

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं .....१

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ........................................१

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ............................................१

दैलेख जिल्ला, साविक विजौरा-३ स्थायी ठेगाना भई हाल नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंको प्रहरी महानिरीक्षक पदमा कानून विपरित बढुवा गरिएका धिरजप्रताप सिंह .....................................................................................१ विपक्षी

नेपालको संविधान, २०७२ को धारा ४६ तथा १३३ (२) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :-

१. **रिट निवेदकको निवेदन व्यहोराः** म निवेदक विश्वराज पोखरेल मिति २०४९।१२।११ मा प्रहरी निरीक्षक पदबाट नेपाल प्रहरी सेवामा प्रवेश गरेको हुँ। मेरो कार्यकुशलता, क्षमता र दक्षताका कारण सो पदबाट मिति २०६२।२।२२ मा प्रहरी नायब उपरीक्षक, मिति २०६९।१०।११ मा प्रहरी उपरीक्षक, मिति २०७४।४।१९ मा प्रहरी बरिष्ठ उपरीक्षक, मिति २०७६।१।२७ मा प्रहरी नायव महानिरीक्षक र मिति २०७७।८।२४ मा प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा भएको हुँ। मैले त्रिभुवन विश्वविद्यालयबाट कानूनमा स्नातक र राजनीतिशास्त्र विषयमा स्नाकोत्तर उपाधी समेत हासिल गरेको छु। म हाल नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग प्रमुखको रुपमा कार्यरत रहेको छु। म सबैभन्दा बरिष्ठतम प्रहरी अतिरिक्त महानिरीक्षक पदमा कार्यरत रहेको प्रहरी अधिकृत हुँ। मैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार, सम्मान र तालिमहरु हासिल गरेको छु। मैले सेवामा विभिन्न भौगोलिक ठाउँमा विभिन्न जिम्मेवारीमा रही कार्य गरी सकेको छु। म निवेदकले हासिल गरेको तालिम, पुरस्कार, जेष्ठता, कार्यक्षमता, कार्यकुशलता, कार्यसम्पादन मूल्याङ्कन र नेतृत्व क्षमता प्रहरी अतिरिक्त महानिरीक्षक पदमा गरेको कार्यानुभव समेतका आधारमा प्रहरी नियमावली, २०७१ को नियम ४१ अन्तर्गत प्रहरी महानिरीक्षक पदमा बढुवाको लागि सबैभन्दा अव्वल र योग्य रहेको व्यहोरा निवेदन गर्दछु। विपक्षी मध्येका नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्ले विपक्षी धिरजप्रताप सिंहलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने गरी मिति २०७९।१।१८ मा गरेको निर्णय गैरकानूनी, स्वेच्छाचारी ,संविधान एवं सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तहरु विपरित, प्रहरी ऐन तथा नियमावली र सुरक्षा निकायको मूल्य मान्यता समेतको विपरीत भएकोले उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरी नियुक्ति गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशसमेतको आदेश जारी गरी पाउन निवेदन गरेको छु।

प्रहरी नियमावली, २०७१ को नियम ४१ अनुसार प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा निर्णयकर्ता नेपाल सरकारले ६ वटा मापदण्डहरुलाई एकसाथ आधार लिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था छ। उक्त मापदण्डहरु अन्तर्गत जेष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता र आफूभन्दा मुनिका

प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्य पर्दछन् । प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा संभावित उम्मेदवारको उल्लिखित आधारहरुको वस्तुगत रुपमा परीक्षण गरेर मात्र निर्णय गर्नु पर्दछ। सरकारलाई कुनैपनि प्रकारको तजविजी वा स्वविवेकीय अधिकार प्रदान गरेको छैन। सबै मापदण्डमा अब्वल रहेको उम्मेदवारलाई वेवास्ता गरी मापदण्डमा कमजोर रहेका म निवेदक भन्दा करिव १६ महिना कनिष्ट उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा नियुक्ति गर्ने विपक्षी नेपाल सरकारको निर्णय सम्पूर्ण रुपमा पूर्वाग्रही एवं स्वेच्छाचारी रहेकोले त्यस्तो निर्णय स्वतः बदरभागी छ ।

जेष्ठता प्रहरी संगठनको ठूलो पुँजी हो। Chain of Command कायम गर्न, जिम्मेवारी वा जवाफदेहिता वहन गराउन र अनुशासन कायम राख्ने मुख्य आधार नै जेष्ठता हो। विपक्षी धिरजप्रताप सिंह भन्दा म निवेदक प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक र प्रहरी बरिष्ठ उपरिक्षक पदमा बरिष्ठ रहेको अवस्था छ। विपक्षी धिरजप्रताप सिंह प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा भए उपर जेष्ठता मिचिएको भन्दै प्रहरी नायव महानिरीक्षक पदमा निज भन्दा बरिष्ठ ३ जना प्रहरी नायब महानिरीक्षकहरुले दायर गरेको मुद्दा यसै अदालतमा विचाराधिन रहेको अवस्थामा निज भन्दा बरिष्ठ रहेको निवेदकको सट्टामा विपक्षी धिरजप्रताप सिंहलाई बढुवा गर्नुबाट निजलाई कानून विपरित प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने विपक्षी मध्येका निर्णयकर्ताको आतुरता रहेको कुरा स्पष्ट रुपमा पुष्टी हुन्छ ।

कार्यकुशलता, कार्यक्षमता र नेतृत्व क्षमता समेतको आधारमा विश्लेषण गर्दा म निवेदकले सशस्त्र द्वन्द्वको समयमा द्वन्द्व प्रभावित जिल्लाहरु महानगरीय प्रहरी परिसर, काठमाडौं, महानगरीय प्रहरी कार्यालय, रानीपोखरी, प्रहरी प्रधान कार्यालय, कार्य विभाग, अपराध अनुसन्धान विभाग, प्रशासन विभाग र मानवश्रोत विकास विभागको विभागीय प्रमुखको हैसियतमा कुशलतापूर्वक कमाण्ड गरी नेतृत्व क्षमता प्रदर्शन गरिसकेको छु। विपक्षी धिरजप्रताप सिंह म निवेदकको कमाण्डमा रही काम गरेको साथै प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा भए पश्चात म निवेदकले नै जेष्ठ सदस्यको हैसियतले दर्ज्यानी चिन्ह समेत सुशोभन गरेको र मेरै सुपरीवेक्षण, नियन्त्रण र निर्देशनमा रहेको र मैले नै कार्यसम्पादन मूल्याङ्कन

गरेको अवस्थामा पनि विपक्षी मन्त्रिपरिषद्को स्वेच्छाचारी निर्णयको कारण सम्पूर्ण सुरक्षा संरचनाको मूल्य मान्यता समाप्त गर्ने र मनोबल गिराउने दिशातर्फ उन्मुख रहेको देखियो।

प्रहरी आचरण र अनुशासनको दृष्टिमा हेर्दा विपक्षी धिरजप्रताप सिंह तत्काल इलाका प्रहरी कार्यालय नवलपुर, नवलपरासीमा कार्यरत रहँदा मिति २०५६।४।२० मा ट्रक खलासीलाई शारीरिक यातना दिएको कारण मृत्यु भएको गम्भिर मानव अधिकार उल्लंघनको अभियोगमा मिति २०५६।४।३१ को निर्णयानुसार निलम्वनमा परेको र उक्त अभियोगमा मिति २०५६।९।१ मा विपक्षी धिरजप्रताप सिंहलाई प्रहरी प्रधान कार्यालयबाट १ तलब वृद्धि रोक्का गर्ने गरी विभागीय सजाय समेत भएको छ भने म निवेदकलाई हालसम्म कुनैपनि विभागीय सजाय समेत नभएको हुँदा प्रहरी आचरण र अनुशासनको दृष्टीले हेर्दा समेत विपक्षी धिरजप्रताप सिंहको व्यवसायिकताको स्तर म निवेदकको भन्दा तल्लोस्तरको रहेको छ ।

प्रहरी नियमावली, २०७१ को नियम ३० ले निर्दिष्ट गरेका बढुवाका आधारहरुबाट मूल्याङ्कन गर्ने हो भने पनि शैक्षिक योग्यता, तालिम र भौगोलिक क्षेत्रको अनुभव कार्यसम्पादन मूल्याङ्कन र चुनौतिपूर्ण र विशेष जिम्मेवारी बापतको अंक समेत विपक्षी धिरजप्रताप सिंह भन्दा म निवेदककै उच्च रहेकोमा कुनै विवाद छैन। विपक्षी भन्दा म निवेदकले धेरै पुरस्कार प्रशंसापत्र प्राप्त गरेको छु। प्रहरी नियमावलीले तोकेको सबै मापदण्ड आधारहरुमा म निवेदक भन्दा कमजोर देखिएका विपक्षी धिरजप्रताप सिंहलाई प्रहरी महानिरीक्षकमा बढुवा गर्ने गरी भएको निर्णय प्रथम दृष्टिमै गैर कानूनी र स्वेच्छाचारी छ। प्रहरी नियमावली, २०७१ को नियम ३० तथा नियम ४१ बमोजिमका आधारहरुमा म निवेदक सर्वोत्कृष्ट रहेको र कार्यसम्पादन मूल्यांकनमा समेत म निवेदकले उच्चतम अंक प्राप्त गरेको भएतापनि पूर्वाग्रह राखि भेदभाव गरी कानून विपरीत एवं कानूनले निर्धारण गरेको आधारहरुको पालना नगरी मलाई उक्त अवसरबाट बन्चित गरी म भन्दा कम अंक प्राप्त गरेको कम योग्य व्यक्तिलाई बढुवा गर्ने गरी भएको बढुवा निर्णय बदर भागी छ।

म निवेदक पहिलो र दोश्रो संविधानसभाको निर्वाचनमा आफू कार्यरत रहेको जिल्लामा निर्वाचन सुरक्षाको कमाण्ड गरेको, सरुवा बढुवा प्रणालीमा सुधार गरेको, सुरक्षा व्यवस्था मजबुत बनाएको, कोभिडको समयमा व्यक्तिगत पहलमा आम नागरिकको लागि राहत सामाग्री

वितरण लगायतका कार्य गरेको समेतबाट विपक्षी धिरजप्रताप सिंहको तुलनामा जेष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता र आफू भन्दा मुनिका प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्य म निवेदकको बलियो एवं अब्बल रहेको पुष्टि हुन्छ।

प्रहरी महानिरीक्षकको नियुक्ति सरकारको कार्यकारी कार्य हो र मुलुकको शान्ति सुरक्षामा प्रत्यक्ष असर गर्ने यस्तो पदमा नियुक्ति गर्दा सुरक्षा निकायको स्थापित मूल्य मान्यताभित्र रहेर गर्नुपर्नेमा विवाद छैन। सरकारको कार्यकारी कार्य भन्दैमा यसमा सरकारले एकलौटी ढंगले असिमित र निरंकुश अधिकार राख्न सक्दैन। सरकारले आफ्नो कार्यकारी अधिकारको प्रयोग गर्दा प्रचलित संविधान, कानून र स्थापित न्यायिक मान्यताको सिमा भित्र रही गर्नुपर्दछ। स्वविवेकीय अधिकार मान्यताप्राप्त सिद्धान्तमा आधारित रहेर मात्र प्रयोग गर्न सकिन्छ। नेपाल सरकारले नियम ४१ को मापदण्डलाई बेवास्ता गरेको छ। कानूनको दृष्टिमा समानता र कानूनको समान संरक्षण समानताका दुई महत्वपूर्ण Fact हुन्। नेपाल सरकारको निर्णय संविधानको प्रस्तुत प्रावधान र मान्यता समेतका विरुद्ध छ। यसले विधिको शासनलाई आत्माको रुपमा रहने Fairness को सिद्धान्त समेतको उल्लंघन गरेको छ। म निवेदकलाई संविधानको धारा १८ ले प्रदान गरेको मौलिक हकमा प्रत्यक्ष आघात पुऱ्याएको छ।

प्रहरी संगठनको विश्व अभ्यास र हाम्रो नेपालको अभ्यास समेतको अध्ययन गर्दा अन्य कुराका अतिरिक्त जेष्ठता प्रहरी संगठन जस्तो बलहरुको प्रमुखको नियुक्तिको सबैभन्दा प्रमुख आधार हुने गर्छ । निर्णयकर्ताले यसको महत्व र यसमा अवलम्बन गर्नुपर्ने बाध्यात्मक कानूनी आधारहरुको सम्पूर्णरुपमा अनादार गरेको अवस्था छ। कुनै आधार कारण नै नभई जेष्ठता/वरिष्ठता मिचेर प्रहरी संगठनको प्रमुखमा कनिष्ट र सबै आधारमा कमजोर व्यक्तिलाई कानूनले नदेखेको अज्ञात र अपारदर्शी कारण र आधारले बढुवा गरिएको कारण संगठनको Chain of Command मात्र भत्काएको छैन, समग्र प्रहरी कर्मचारीको मनोवलमा ह्रास ल्याई शान्ति सुरक्षामा चुनौती बढाएको र अपराधमा समेत बृद्धि हुने पक्का छ। सम्मानित सर्वोच्च अदालतबाट दिनकर शम्सेर ज.ब.रा. विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत उत्प्रेषण मुद्दा तथा नवराज सिलवाल विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को

कार्यालय समेत भएको ने.का.प. २०७३, अंक १२ नि.नं. ९७२३ को उत्प्रेषण परमादेश समेतका मुद्दामा प्रतिपादन भएको सिद्धान्तहरुबाट विपक्षी धिरजप्रताप सिंह प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने  विपक्षी नेपाल सरकारको मिति २०७९।१।१८ को निर्णय कायम रहन नसक्ने भई बदर भागी छ।

प्रहरी पदमा बढुवा सन्दर्भमा भारतीय कानून र भारतीय सर्वोच्च अदालतले समेत बरिष्ठताका आधारमा बढुवा गर्नुपर्ने प्रावधान रहेको छ। नेपालको सन्दर्भमा हेर्दा प्रधान सेनापतीको नियुक्ति, शसस्त्र प्रहरी महानिरीक्षकको पदमा भएको बढुवा, सम्मानीत सर्वोच्च अदालतमा प्रधान न्यायाधीशमा हुने बढुवा र नेपाल सरकारको मुख्य सचिवको पदमा बढुवा समेत जेष्ठता र बरिष्ठताका आधारमा हुने गरेकोले यस दृष्टिले हेर्दा समेत जेष्ठता वा बरिष्ठतालाई उपेक्षा र वेवास्ता गर्न मिल्दैन। प्रहरी ऐन नियम बमोजिम प्रहरी महानिरीक्षक पदको बढुवाका लागि कानूनले वस्तुनिष्ठ आधार र मापदण्ड उल्लेख गर्दागर्दै त्यसलाई वेवास्ता गरी विपक्षीद्वारा गरिएको निर्णय कानून विपरित छ। निर्णयकर्ता नेपाल सरकारको निर्णय अभिव्यक्त कानून र स्थापित मापदण्ड दुवै अनुकूल हुनु पर्दछ र म निवेदकको अपेक्षा जायज, वैध र स्वभाविक भएकोले त्यस्तो अपेक्षा सम्मानीत अदालतबाट संरक्षित र कार्यान्वयन होस् भनी निवेदन गर्दछु।

अतः माथि प्रकरणहरुमा उल्लेख गरिए बमोजिम विपक्षी मध्येका धिरजप्रताप सिंहलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने गरी भएको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को मिति २०७९।१।१८ को निर्णय प्रहरी नियमावली, २०७१ को नियम ३०, ४१ र ५३ तथा नेपालको संविधानको धारा १(२), १७(२)(च), १८(१) र धारा ३३ तथा सर्वोच्च अदालतको ने.का.प. २०७३ अंक १२ नि.नं. ९७२३ मा प्रतिपादित न्यायिक सिद्धान्त र प्रहरी संगठनको समग्र मान्यता र अभ्यास समेतको प्रतिकूल भएकोले उक्त स्वेच्छाचारी एवं गैरकानूनी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदकलाई प्रहरी महानिरीक्षक पदमा तत्काल बढुवा गर्ने निर्णय गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाउँ। साथै उक्त त्रुटिपूर्ण निर्णय कार्यान्वयन हुन गए प्रस्तुत रिट निवेदन निष्प्रयोजन हुन जाने भई अपुरणीय क्षति हुन जाने भएकोले रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त बढुवा सम्बन्धी विपक्षी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१।१८ को निर्णय कार्यान्वयन

नगर्नू नगराउनू यथास्थितिमा राखु र प्रहरी महानिरीक्षक पदको हैसियतले कुनै पनि कार्य नगर्नू नगराउनू र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा सबैभन्दा जेष्ठ म निवेदकलाई प्रहरी महानिरीक्षक पदमा बढुवा निर्णय नभएसम्मको लागि निमित्त प्रहरी महानिरीक्षकको हैसियतमा कामकाज गर्नू गराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी पाउँ। म निवेदक प्रहरी अतिरिक्त महानिरीक्षक पदमा उमेर हदको कारण मिति २०७९।४।२० गते अनिवार्य अवकास हुने भएको र गैर कानूनी रुपमा बढुवा गरिएका विपक्षी धिरजप्रताप सिंहको मातहतमा रही काम गर्न नसकिने अवस्था समेतलाई मध्यनजर गरी विपक्षीहरुलाई म्याद नथामी १५ दिन भित्रै लिखित जवाफ पेश गर्नू साथै कसैले पेशी हटाउन नपाउने गरी लिखित जवाफ परेको ७ दिन भित्रै अन्तिम सुनुवाईको लागि पेश गर्नू भन्ने आदेश जारी गरी अग्राधिकार प्रदान गरिपाउँ भन्ने समेत व्यहोराको निवेदक विश्वराज पोखरेलको निवेदन ।

२. **आदेशः** यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार वा कारण भए खुलाई मिति २०७९।२।१० गतेभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नू भनी विपक्षीहरुका नाममा म्याद सूचना तत्काल जारी गरी ३ दिनभित्र म्याद तामेली कार्य समेत सम्पन्न गराउनू। प्रस्तुत निवेदन प्रहरी प्रशासनको प्रमुख प्रहरी महानिरीक्षकको पदमा गरिएको बढुवा नियुक्ति कानून बमोजिमको प्रकृयाबाट नभएको भन्ने संवेदनशील प्रश्नसँग सम्बन्धित भएको र निवेदकको सेवा अवधि मिति २०७९।४।२० सम्म मात्र भएको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनको सुनुवाई छिटो छरितो रुपमा हुन आवश्यक देखिएकोले लिखित जवाफ पेश गर्न म्याद नथामिने गरी र दुवै पक्षका तर्फबाट पेशी समेत स्थगित नहुने पूर्व जनाउ दुवै पक्षलाई दिई पूर्ण सुनुवाइको लागि मिति २०७९।२।१७ गतेको पेशी तोकी निवेदक र विपक्षी धिरजप्रताप सिंहको व्यक्तिगत फाइल र निवेदनमा उल्लिखित मिति २०७९।१।१८ को प्रस्ताव सहितको निर्णय मिसिल समेत झिकाई नियमबमोजिम पेश गर्नू।

निवेदकले अन्तरिम आदेश समेत जारी गरी पाउँ भनी माग गर्नुभएको सन्दर्भमा विचार गर्दा विपक्षी मध्येका धिरजप्रताप सिंह निबेदक भन्दा कनिष्ट, मिति २०७८।१२।१७ मा मात्र

प्रहरी अतिरिक्त महानिरीक्षकमा बढुवा भएका व्यक्तिलाई प्रहरी नियमावली, २०७१ को नियम ४१ समेतको बर्खिलाप हुने गरी प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने गरी भएको मिति २०७९।१।१८ को मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन नगर्नू, यथास्थितिमा राख्नु र प्रहरी महानिरीक्षक पदको हैसियतले विपक्षी धिरजप्रताप सिंहलाई कुनै पनि कार्य नगर्नू नगराउनू भन्ने समेत अन्तरिम आदेश माग गरेको देखियो। उल्लिखित मिति २०७९।१।१८ को निर्णय कार्यान्वयन भई मिति २०७९।१।१९ गते दर्ज्यानी चिन्ह समेत प्रदान गरिसकेको भन्ने सम्मिलित हुन आउनु भएका विद्वान् महान्यायाधिवक्ता लगायतका कानून व्यवसायीहरुका बहसबाट समेत जानकारी हुन आएको छ। निवेदकले रोक्न माग गरेको निर्णय कार्यान्वयनमा आई विपक्षी धिरजप्रताप सिंहले काम शुरु समेत गरिसकेको भन्ने देखियो। निवेदकले उठाउनु भएको कानूनी प्रश्नका सम्बन्धमा पूर्ण सुनुवाइका समयमा विवेचना भई न्यायिक निरोपण हुने नै हुँदा हाल निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन भन्ने व्यहोराको यस अदालतको मिति २०७९।१।२२ को आदेश।

३. **विपक्षी धिरजप्रताप सिंहको लिखित जवाफः** म लिखित जवाफ प्रस्तुतकर्ता मिति २०४९।१२।११ मा प्रहरी निरीक्षक पदमा सेवामा प्रवेश गर्दा बरियता नं. १ मा रहेको थिए। मेरो कार्यकुशलता, क्षमता अनुशासन एवं व्यवसायीकताको आधारमा सो पदमा नियुक्ति भई कार्यरत छु। मैले सेवाको क्रममा थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार, सम्मान र तालिमहरु प्राप्त गरेको छु। तत्कालिन समयमा अति चुनौतिपूर्ण मानिएका द्वन्द्वग्रस्त जिल्लाहरुमा उच्च व्यवसायीक तथा अति साहसिक कार्य गरेको छु। विभिन्न जिल्ला र क्षेत्रहरुमा कार्यरत रही उत्कृष्ट कुशलता, उत्कृष्ट कार्य क्षमताको प्रदर्शन गरी आफ्नो मातहतका प्रहरीलाई व्यवसायिक रुपमा परिचालन गरी उत्कृष्ट नेतृत्व प्रदान गर्न सक्ने सामर्थ्य राखेको कारणले सो कार्यको उच्च मूल्यांकन गर्दै नेपाल सरकारद्वारा सुप्रवल जनसेवा श्री समेतद्वारा विभुषित भएको छु। म प्रारम्भ देखि नै जेष्ठता र श्रेष्ठ रहँदै आएको तथ्य निर्विवाद छ। मेरो योग्यता तथा क्षमता समेतका आधारमा नेपाल सरकारले मलाई प्रहरी नियमावली, २०७१ को नियम ४१ बमोजिम नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्त गरिएको हो।

प्रचलित कानून, प्रहरी नियमावलीको नियम ४१ ले निर्दिष्ट गरेका आधार र कारण एवं सेवा प्रवेशको समय देखि नै निवेदक भन्दा जेष्ठ बरियतामा रही नेतृत्वदायी भूमिकामा सफलतापूर्वक प्रदर्शन गरी रहेको व्यक्तिलाई प्रहरी महानिरीक्षक पदमा नेपाल सरकारले गरेको नियुक्ति अन्यथा नहुँदा निवेदन माग दावी प्रथम दृष्टि मै औचित्यहिन छ। रिटको अवधारणामा कुनै निर्णयको औचित्य वा विवेक माथीको पुनरावलोकन भन्दापनि कानूनी वा गैर कानूनी प्रश्न/विषय माथि पुनरावलोकन गरिन्छ। अधिकारको प्रयोग, अधिकारक्षेत्रको विहिनता, निर्णय गर्ने क्षमताको अभाव, प्राकृतिक न्यायको सिद्धान्तको अपालना आदि आधारमा रिट क्षेत्राधिकार अन्तर्गत न्यायिक पुनरावलोकन हुन सक्ने अवस्था रहन्छ। निवेदकले नियुक्ति निर्णयको सक्षमता, आधिकारिकता, वैधता जस्ता विषयहरु माथि प्रश्न उठाउन सक्नु भएको छैन। प्रहरी महानिरीक्षकमा नियुक्ति हुँदा आफूले नै नियुक्ति हुन पाउनु पर्छ भन्ने निवेदकको माग दावी कानूनी भन्दा पनि भावनात्मक र आत्मगत छ। व्यक्तिको भावना अर्थात Emotion को न्यायिक निरुपण हुन नसक्ने हुँदा रिट निवेदन खारेज भागी छ।

प्रहरी नियमावली, २०७१ को नियम ४१ मा उल्लिखित ६ वटा आधारहरुको व्यबस्था गरिएकोले एक वा केही सिमित आधारहरुलाई मात्र नहेरी समष्टिगत रुपमा उपयुक्त लागेको उम्मेदवारलाई महानिरीक्षक पदमा नियुक्त गर्नुपर्ने कानूनको उद्देश्य रहेको देखिन्छ। सोही आधार तथा मापदण्डको मूल्याङ्कनका आधारमा मलाई प्रहरी महानिरीक्षकमा बढुवा गरिएकोले नेपाल सरकारले ग्रहण गरेको आधार, कारण र औचित्य भित्र गर्ने विषय Judicially Managable Standard भित्र नपर्ने भएकोले यस्तो विषयमा न्यायिक पुनरावलोकन हुन नसक्ने व्यहोरा निवेदन गर्दछु।

निवेदकको निवेदनमा प्रहरी अतिरिक्त महानिरीक्षकको, प्रहरी नायब निरीक्षकको र प्रहरी बरिष्ठ उपरिक्षक पदमा विपक्षी भन्दा आफू पहिला बढुवा भएको मितिकै आधारमा आफू उपयुक्त उम्मेदवार रहेको भन्ने दावी गैर कानूनी र भ्रमपूर्ण छ। केही सिमित पदहरुमा भएको बढुवा मितिकै आधारमा मात्र जेष्ठता वा बरिष्ठता कायम हुने होइन। सेवा प्रवेश देखि प्रहरी उपरिक्षकको पदमा बढुवा हुँदासम्म विपक्षी म भन्दा कनिष्ट रहेको तथ्य लुकाई बरिष्ठ रहेको

भनी मात्र आंशिक तथ्य उल्लेख गरी सफा हात नलिई अदालत प्रवेश गरेबाट रिट निवेदन खारेज भागी छ।

नियुक्ति हुँदाको समयमा बहाल रहेको पदको जेष्ठतालाई मात्र यान्त्रिक रुपमा ग्रहण गरी कानूनले निर्दिष्ट गरेका अन्य मापदण्ड र आधारहरुलाई कुनै वास्ता नगरी प्रहरी महानिरीक्षकको पदमा इच्छाएकै भरमा जो सुकै व्यक्तिलाई नियुक्ति गर्नुपर्छ भन्ने परिपाटी स्थापित हुने हो भने त्यसबाट प्रहरी संगठन चुस्त दुरुस्त र क्रियात्मक हुन सक्ने अवस्था रहँदैन। प्रहरी नियमावली, २०७१ को नियम ४१ ले ६ वटा मापदण्डहरुको किटानी व्यवस्था गरेको हो। कानूनले किटान गरेका मापदण्डहरु मध्ये कुनै मापदण्डको मूल्य र प्रभाव बढी वा कुनै मापदण्डको मूल्य वा प्रभाव घटी हुन्छ भनी तर्क गर्नु जायज हुँदैन। यस सम्बन्धमा सर्वोच्च अदालतबाट रविप्रताप राणा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवारसमेत (ने.का.प. २०७० अंक ७ नि.नं. ९०३२) को मुद्दा र दिनकर शम्शेर ज.ब.रा. विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार समेत भएको मुद्दामा प्रतिपादित भएको न्यायिक सिद्धान्त समेतका आधारमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ।

विपक्षीले दावी गरेको वैध अपेक्षाको सिद्धान्तले विगतमा स्थापित अभ्यास र लिखित कानून प्रतिको प्रतिवद्धताको Demand गर्दछ। निज यस्तो जिकिर लिन कानूनतः विवन्धित समेत हुनु हुन्छ। कुनै व्यक्तिको कुनै विषयमा वैध अपेक्षा सृजना हुनका लागि त्यस्तो विषय कानून, स्थापित मान्यता र स्वस्थ्य अभ्यासको रुपमा लागू भएको हुनु पर्दछ। विपक्षीकै विगतका बढुवाहरुको उदाहरणबाट यस्तो अभ्यास नरहेको र कुनै कानूनी मान्यता समेत नरहेको पुष्टि भई रहेको अवस्थामा विपक्षको जिकिर विरोधाभाषपूर्ण एवं त्रुटीपूर्ण छ। यसबाट निवेदकको वैध अपेक्षाको दावी नै हास्यास्पद बन्न पुगेको छ। प्रतिनिधि सभाको राज्य व्यवस्था समितिले निजको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा भएको बढुवालाई कानून बमोजिम नभएको हुँदा कार्यान्वयन नगर्नू नगराउनू भनी नेपाल सरकारलाई निर्देशन दिएको समेतबाट कार्यपालिकालाई अनुचित प्रभावमा पारी गरिएको त्यस प्रकृतिको बढुवालाई स्वच्छ र स्वस्थ्य अभ्यासको रुपमा लिन नमिल्ने भएकोले प्रहरी अतिरिक्त महानिरीक्षक पदमा आफू बरिष्ठ भएको भन्ने दावी ग्रहणयोग्य नभएकोले रिट खारेज गरी पाउँ।

देशको शान्ति सुरक्षा र अपराध अनुसन्धानको प्रमुख जिम्मेवारी नेपाल प्रहरीको भएकोले स्वभावैले नेपाल प्रहरीको रेखदेख, संचालन र नियन्त्रणमा कार्यपालिकाको स्वविवेकीय अधिकारको मात्रा बढी हुन्छ। नेपाल सरकारले प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरेर, कानूनले तोकी दिएका आधार र कारण बमोजिम गरिएको नियुक्तिमा अदालतले न्यायिक पुनरावलोकन गर्दा आत्म सम्यमताको सिद्धान्त ख्याल गर्नु पर्दछ। प्रहरी नियमावलीको नियम ४१ ले तोकिएका ६ वटा आधारहरु पूरा गरेका मध्येबाट नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई बढुवा गर्ने व्यवस्था राखिएकोले तोकिएका सबै आधारहरु मैले पूरा गरेको र नेपाल सरकारले मलाई नै उपयुक्त देखेको कारणले त्यो उपयुक्ताको स्वविवेक भित्र अदालत प्रवेश गर्न नसक्ने र प्रचलित प्रहरी ऐन र नियमावलीले प्रहरी महानिरीक्षकको बढुवा नियुक्तिको सम्बन्धमा उजुरी तथा पुनरावेदनको व्यवस्था नगरेकोले रिट निवेदनको रोहबाट पुनरावेदन सुने जस्तो गरी औचित्य भित्र प्रवेश गरी निर्णय गर्न मिल्ने होइन। निवेदकले रिट निवेदनमा उल्लेख गरेका नजिरले निवेदकलाई सहयोग गर्न सक्दैन। उल्लिखित नजिरहरु कुनैमा पनि नेपाल सरकारले स्वविवेकको परीक्षण गरिएको छैन र गर्न पनि मिल्दैन। निवेदकले निवेदनमा मलाई प्रहरी प्रधान कार्यालयबाट निलम्बन गरेको र १ तलब वृद्धि रोक्का गर्ने गरी विभागीय सजाय भएको झुट्टा बेहोरा उल्लेख गरेका रहेछन्। निवेदनमा उल्लेख गरेको ज्यान मुद्दामा सर्वोच्च अदालतबाट मिति २०६७।१२।१४ मा समेत मलाई अभियोग दावीबाट सफाई हुने गरी अन्तिम फैसला भएको छ। प्रहरी प्रधान कार्यालयबाट भएको सम्पूर्ण कारवाही २०५६ सालमा नै फुकुवा भैसकेको हो। विपक्षी निवेदक राज्यको सुरक्षा एवं प्रहरी संगठन प्रति उत्तरदायी रहेको देखिँदैन। स्थानीय तह निर्वाचन, २०७९ लाई मध्यनजर राखी प्रहरी प्रधान कार्यालयबाट मिति २०७८।१२।३० मा सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई अर्को आदेश नभएसम्मका लागि प्रसुती एवं किरिया विदा बाहेक कुनै विदा नलिनु, राजिनामा नगर्न निर्देशन भएकोमा सो विपरित निर्वाचन छल्ने गरी २०७९।१।१८ देखि ३० दिनका लागि घर विदा स्वीकृत गराई बसेको अवस्था समेतबाट विपक्षी निवेदक पदको लागि उपयुक्त व्यक्ति नभएको प्रष्ट हुन्छ।

विपक्षी रिट निवेदकले दावी गरे जस्तै प्रहरी महानिरीक्षक पदको बढुवाका लागि जेष्ठताका लागि जेष्ठता मात्रको आधार आफैमा प्रहरी नियमावलीको नियम ४१ को उद्देश्य नभएको र निवेदकको वैध अपेक्षाको दावी स्वयं निवेदक प्रहरी नायब महानिरीक्षकको पदमा बढुवा हुँदा खण्डित भैसकेको, नियम ४१ ले तोकेको ६ वटा मापदण्डहरुमा म लिखित जवाफ प्रस्तुतकर्ता नै उपयुक्त देखिएको, निवेदकले सफा हात लिई अदालत प्रवेश नगरेको एवं रिट निवेदनको औचित्यमा प्रवेश गरी न्यायिक निरुपण हुन सक्ने अवस्था नै नरहेकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको लिखित जवाफ।

४. **विपक्षी नेपाल प्रहरी प्रधान कार्यालयको लिखित जवाफः** प्रहरी नियमावली, २०७१ को नियम ४१ र ४१क को व्यवस्था बमोजिम नै हाल नेपाल प्रहरीमा बहाल रहेका प्रहरी अतिरिक्त महानिरीक्षक मध्ये जेष्ठता, कार्यकुशलता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता एवं आफू भन्दा मुनीको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा सबैभन्दा उपयुक्त प्रहरी अतिरिक्त महानिरीक्षक धिरजप्रताप सिंहलाई गृह मन्त्रालयको प्रस्तावमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१।१८ को निर्णय बमोजिम मिति २०७९।१।१९ गते देखि लागू हुने गरी प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्ति भई दर्ज्यानी चिन्ह समेत लगाई पद बहाली भइसकेको छ। नेपाल सरकार, मन्त्रिपरिषद्को कानून बमोजिम भए गरेको निर्णय र सो निर्णय गर्न सक्ने अधिकार माथि प्रवेश गरी अदालतले हस्तक्षेप गर्न मिल्दैन। प्रहरी महानिरीक्षक नियुक्ति नेपाल सरकारको विशिष्ठ अधिकारको विषय हो। निवेदक प्रहरी अतिरिक्त महानिरीक्षक विश्वराज पोखरेल र प्रहरी महानिरीक्षक धिरजप्रताप सिंह एकै पटक वि.सं. २०४९।१२।११ मा प्रहरी निरीक्षक दर्जामा नेपाल प्रहरीमा सेवा प्रवेश गरेका अर्थात एउटै ब्याजका प्रहरी अधिकारीहरु हुन्। प्रहरी निरीक्षक देखि प्रहरी उपरिक्षकसम्म बढुवा हुँदा प्रहरी निरीक्षक धिरजप्रताप सिंह निवेदक भन्दा बरियतामा अगाडि रहेको अभिलेखबाट देखिन्छ। प्रहरी महानिरीक्षकको बढुवाको विषयलाई पुनरावेदन सरह रिटको क्षेत्राधिकारबाट न्यायिक पुनरावलोकन गर्न मिल्दैन।

नेपालको संविधानको धारा ७५ को उपधारा (१) ले नेपालको कार्यकारीणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषद्मा निहित हुने र उपधारा (२) बमोजिम संविधान र

कानूनको अधिनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा हुनेछ भन्ने व्यवस्था छ। प्रहरी ऐन, २०१२ को दफा ४ मा प्रहरीको रेखदेख र नियन्त्रण गर्ने अधिकार नेपाल सरकारको हुने तथा नेपाल सरकारको आदेश, निर्देशन मान्नु प्रहरी कर्मचारीको कर्तव्य हुने व्यवस्था रहेको छ। प्रहरी नियमावली, २०७१ को नियम ४१ को अधिनमा रही सबैभन्दा उपयुक्त र योग्य प्रहरी अतिरिक्त महानिरीक्षक धिरजप्रताप सिंहलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१।१८ गतेको निर्णयबाट प्रहरी महानिरीक्षक पदमा गरेको बढुवा नियुक्ति कानूनसम्मत रहेकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको लिखित जवाफ।

५. **विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफः** देशको शान्ति सुरक्षा कायम राख्नु नेपाल सरकारको प्रमुख जिम्मेवारी हो। नेपालको संविधानको धारा ७५ को उपधारा (१) मा नेपालको कार्यकारीणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषद्मा निहित हुने र उपधारा (२) मा संविधान र कानूनको अधिनमा रही नेपाली शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा हुने संवैधानिक व्यवस्था रहेको हुँदा उक्त व्यवस्था शक्ति पृथकीकरणको सिद्धान्तको मर्म र भावना अनुरुप समेत रहेको छ। नेपाल सरकारले संविधान बमोजिमको आफ्नो दायित्व निर्वाह गर्दा वा कानून तथा संविधान बमोजिम आफ्नो कार्य सम्पादन गर्दा निश्चित कानूनी प्रक्रियाको अवलम्बन गर्न सक्ने गरी संविधानको धारा ८२ मा नेपाल सरकारको कार्य संचालन सम्बन्धी व्यवस्था रहेको छ। नेपाल सरकारले प्रचलित कानूनले तोकेको सिमा भित्र रही कार्यकारिणी अधिकार प्रयोग गर्दा कानूनमा नभएको कुनै शर्त वा बन्देज लगाइनु हुँदैन। प्रहरी नियमावलीले तोकेको आधारमा योग्य व्यक्ति मध्येबाट नेपाल सरकारले एक जना व्यक्तिलाई प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्नुपर्ने र त्यस्तो निर्णय गर्ने विषय कार्यपालिकाको क्षेत्राधिकार भित्रको बिषय समेत भएको हुँदा यो अधिकारलाई संकुचन गर्ने गरी प्रस्तुत भएको दावी शक्ति पृथकीकरण सिद्धान्त प्रतिकूल रहेको छ। प्रहरी महानिरीक्षकको बढुवा नियुक्तिको विषय स्पष्ट संवैधानिक एवं कानूनी प्रश्न नभै नेपाल सरकारको कार्यकारीणी अधिकारको विषय भएकोले सम्मानीत अदालतबाट निरुपण गर्ने विषय भित्र पर्दैन। नेपाल सरकारले ऐन नियमले तोकेको

आधार र प्रक्रिया बमोजिम धिरजप्रताप सिंहलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरेको मिति २०७९।१।१८ को निर्णय विधिसम्मत भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित जवाफ।

६. **विपक्षी गृह मन्त्रालयको लिखित जवाफः** प्रहरी नियमावली, २०७१ को नियम ४१ र ४१क नं. को व्यवस्था बमोजिम नै हाल नेपाल प्रहरीमा बहाल रहेका प्रहरी अतिरिक्त महानिरीक्षक मध्ये जेष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफू भन्दा मुनीको प्रहरी कर्मचारीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न उपयुक्त देखि यस मन्त्रालयबाट नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश भई तत्कालिन प्रहरी अतिरिक्त महानिरीक्षक धिरजप्रताप सिंहलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१।१८ को निर्णय बमोजिम मिति २०७९।१।१९ गतेबाट लागू हुने गरी प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्ति भई दर्ज्यानी चिन्ह समेत लगाई पद बहाली समेत भै सकेको अवस्था छ। नियमावलीको नियम ४१ ले तोकेको ६ वटा आधारमा नेपाल सरकारले उपयुक्त देखेको व्यक्ति नै प्रहरी महानिरीक्षक पदमा नियुक्त हुन्छ। प्रहरी महानिरीक्षक नियुक्ति नेपाल सरकारको विशिष्ठ अधिकार हो। प्रहरी नियमावलीमा प्रहरी अतिरिक्त महानिरीक्षक पदबाट प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा लिनुपर्ने विभिन्न ६ वटा आधारहरु मध्ये जेष्ठता एउटा आधार भएपनि अन्य आधार पनि रहेकोले नियमावलीमा व्यवस्था भएका ६ वटा आधारहरुको समग्रतामा उपयुक्त देखिएका प्रहरी अतिरिक्त महानिरीक्षकहरु मध्येबाट प्रहरी महानिरीक्षक पदमा बढुवा हुने नियमावलीको मकसद रहेको हुँदा उल्लिखित विषयवस्तुको आधारमा सबै भन्दा उपयुक्त देखिएका तत्कालिन प्रहरी अतिरिक्त महनिरीक्षक धिरजप्रताप सिंहलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९।१।१८ को निर्णयबाट प्रहरी महानिरीक्षक पदमा बढुवा गरेको हुँदा उक्त निर्णय प्रहरी ऐन नियम अनुकूल नै भई निवेदनको औचित्य समाप्त भई सकेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको लिखित जवाफ।

७. यस अदालतबाट दुवै पक्षका कानून व्यवसायीहरुबाट बहसनोट पेश गर्न लगाउनु भनी मिति २०७९।३।१९ मा भएको आदेशानुसार दुवै पक्षका कानून व्यवसायीहरुबाट बहसनोट पेश भई मिसिल सामेल रहेको ।

## अदालतको आदेश

८. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्णप्रसाद भण्डारी, श्री महादेवप्रसाद यादव, श्री राधेश्याम अधिकारी, श्री हरिहर दाहाल, श्री राघवलाल वैध, श्री सतिशकृष्ण खरेल, श्री हरिप्रसाद उप्रेती, श्री पूर्णमान शाक्य र श्री शम्भुप्रसाद पोखरेल तथा विद्वान अधिवक्ताहरु श्री चन्द्र काफ्ले, श्री सुनिलकुमार पोखरेल, श्री रमेश बडाल, श्री मेघराज पोखरेल, श्री ललितबहादुर बस्नेत, श्री माधवकुमार बस्नेत, श्री सुनिता राउत र श्री सुरज बस्नेतले निवेदक विश्वराज पोखरेल नेपाल प्रहरीको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा वरिष्ठतम अधिकृत रहेकोमा विवाद छैन। विपक्षी धिरजप्रताप सिंह निवेदक भन्दा १६ महिना कनिष्ट रहेको छ। प्रहरी नियमावली, २०७१ को नियम ४१ मा उल्लेख भएका मापदण्डका आधारमा जेष्ठ प्रहरी अतिरिक्त महानिरीक्षक निवेदकलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नुपर्नेमा निजभन्दा कनिष्ट विपक्षी धिरजप्रताप सिंहलाई बढुवा गर्ने गरी नेपाल सरकारबाट भएको निर्णय कानून विपरित छ। निवेदक प्रहरी महानिरीक्षक पदमा बढुवा हुनु नपर्ने कुनै आधार कारण नेपाल सरकारले उल्लेख गर्न सकेको अवस्था छैन। नेपाल सरकारको प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने गरी मिति २०७९।१।१८ को निर्णय पूर्वाग्राही तथा स्वेच्छाचारीपूर्ण रहेको छ। सरकारको कार्यकारी अधिकार भन्दैमा असिमित हुँदैन। निर्णय गर्ने निकाय वा अधिकारीले आफ्नो निर्णय वस्तुगत आधारमा गर्नुपर्छ, आत्मगत रुपमा होइन। प्रचलित संविधान, ऐन, नियम तथा हाल सम्मको प्रचलन अनुसार जेष्ठता एवं कार्यक्षमताको आधारमा प्रहरी महानिरीक्षकको पदमा नियुक्ति हुने गरेको छ। नेपाल सरकारले वरिष्ठतम प्रहरी अतिरिक्त महानिरीक्षक निवेदक विश्वराज पोखरेललाई प्रहरी महानिरीक्षक पदमा बढुवा नगरी निज भन्दा कनिष्ट धिरजप्रताप सिंहलाई बढुवा गर्ने गरी गरेको मिति २०७९।१।१८ गतेको निर्णय उत्प्रेषणको आदेशद्वारा

बदर गरी निवेदक विश्वराज पोखरेललाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न परमादेशको आदेश जारी हुनुपर्दछ भनी बहस गर्नुभयो।

९. विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान महान्यायाधिवक्ता श्री खम्बबहादुर खाती, विद्वान नायब महान्यायाधिवक्ता श्री कृष्णजिवी घिमिरे तथा विद्वान सहन्यायाधिवक्ताहरु श्री संजीवराज रेग्मी, श्री खेमराज ज्ञवाली, श्री हरिप्रसाद जोशी र श्री सोमकान्ता भण्डारीले मुलुकको शान्ति सुरक्षामा प्रत्यक्ष असर पार्ने प्रहरी महानिरीक्षक पदको बढुवा सरकारको विशुद्ध कार्यकारी अधिकार भएकोमा विवाद छैन। प्रचलित संविधान, प्रहरी ऐन, नियम तथा न्यायिक सिद्धान्त बमोजिम नै प्रहरी महानिरीक्षक पदमा नेपाल सरकारले बढुवा निर्णय गरेको छ।प्रहरी नियमावली, २०७१ को नियम ४१ ले तोकेको आधारहरुको मूल्यांकन गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट उपयुक्त देखेको धिरजप्रताप सिंहलाई प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने गरी मिति २०७९।१।१८ मा निर्णय गरेको छ। विपक्षी निवेदक विश्वराज पोखरेल अघिल्लो तिन पद (एसएसपी) सम्म धिरजप्रताप सिंह भन्दा कनिष्ट रहेको अवस्था छ। नेपाल सरकारले कानून अनुरुप गर्ने नियुक्तिको विषय न्यायिक पुनरावलोकनको विषय हुन सक्दैन। प्रहरी महानिरीक्षक पदमा केवल जेष्ठताको एउटा आधारमा नियुक्त हुने नभई प्रहरी नियमावलीको नियम ४१ ले तोकेको सम्पूर्ण ६ वटा आधारहरुलाई समग्रमा मूल्यांकन गरी निर्णय गर्नु पर्ने हुन्छ। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९।१।१८ मा धिरजप्रताप सिंहलाई प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्ति गरेको निर्णय कानून अनुरुप नै भएको र सो निर्णयबाट निवेदकको हकहितमा आघात नपुगेको हुँदा उक्त निर्णय बदर हुनुपर्ने होइन। रिट निवेदन खारेज हुनुपर्छ भन्ने समेत बहस जिकिर गर्नुभयो।

१०. विपक्षी मध्येका धिरजप्रताप सिंहका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री श्यामप्रसाद खरेल, श्री शुसिल पन्त, श्री तुलसी भट्ट, श्री रामनारायण विडारी र श्री गोपालकृष्ण घिमिरे तथा विद्वान अधिवक्ताहरु श्री टिकाराम भट्टराई, श्री बालकृष्ण ढकाल, डा. श्री भिमार्जुन आचार्य, श्री दिपेन्द्र झा, श्री ओमप्रकाश अर्याल, श्री केदारप्रसाद दाहाल, श्री मनोहरलाल श्रेष्ठ, श्री गोकुल भण्डारी, श्री चिरञ्जीवी उपाध्याय, श्री बलराम सुवेदी, श्री विपिन सुवेदी, श्री

असाङकन मल्ल र श्री निश्चल खरेलले मुलुकको शान्ति सुरक्षामा प्रत्यक्ष असर पार्ने प्रहरी महानिरीक्षक जस्तो अत्यन्त गहन संवेदनशील पदको बढुवा सरकारको विशुद्ध कार्यकारी अधिकार हो। कार्यकारी अधिकारको प्रयोग स्वविवेकीय रुपमा गर्नुपर्नेमा विवाद छैन। प्रहरी नियमावली, २०७१ को नियम ४१ ले तोकेको आधारमा समग्र मूल्यांकन गरी उपयुक्त उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९।१।१८ मा निर्णय भएको छ। नेपाल सरकारको बढुवा निर्णय नेपालको संविधान, प्रहरी ऐन नियम र न्यायिक सिद्धान्त बमोजिम भएको छ। प्रहरी सेवाको अन्य पदहरुमा र प्रहरी महानिरीक्षक पदमा हुने बढुवाको आधार कानूनले नै अलग अलग गरेको छ। नेपाल सरकारको कार्यकारी अधिकार अन्तर्गत भएको निर्णयमा अदालतले हस्तक्षेप गर्न मिल्दैन। सरकारको कार्यकारी निर्णय भित्र merit मा प्रवेश गरी अदालतले निर्णय गऱ्यो भने त्यो शक्तिपृथकीकरण सिद्धान्तको विपरित हुनजान्छ। नेपाल सरकारबाट प्रहरी महानिरीक्षक पदमा धिरजप्रताप सिंहलाई बढुवा गरेको निर्णयमा कुनै कानूनी त्रुटी छैन। प्रहरी सेवामा प्रवेश गर्दा देखि तीन तहसम्म आउँदा धिरजप्रताप सिंह विपक्षी निवेदक भन्दा जेष्ठ रहेको छ। निवेदकको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा भएको बढुवा नै कानून विपरित छ। प्रतिनिधिसभा राज्य व्यवस्था समितिले निवेदकको सो बढुवा कार्यान्वयन नगर्नू नगराउनू भनी गृह मन्त्रालय समेतको नाउँमा निर्देशन दिने निर्णय गरेको छ। केही पदमा जेष्ठ हुँदैन आफू जेष्ठ रहेको भन्न मिल्दैन। प्रहरी सेवाको सम्पूर्ण पदमा रही कार्य गरेको कुराको मूल्यांकन हुन्छ। केवल जेष्ठताको आधारमा प्रहरी महानिरीक्षक पदमा बढुवा पाउने कानूनी व्यवस्था छैन। निवेदक आफै पनि बढुवा हुँदा वरिष्ठलाई पछाडि पारेर बढुवा हुनु भएको छ। निवेदकको हकमा वैध अपेक्षाको सिद्धान्त आकर्षित हुँदैन। विपक्षी रिट निवेदकले सफा हात लिई अदालत प्रवेश गरेको छैन। बढुवाको लागि संभावित सबै व्यक्तिको बढुवा हुने वैध अपेक्षा हुन्छ। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट प्रहरी नियमावली, २०७१ को नियम ४१ को समग्र मूल्यांकन गरी उपयुक्त देखेको धिरजप्रताप सिंहलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने गरी मिति २०७९।१।१८ को निर्णय संविधान, प्रचलित ऐन कानून बमोजिम भएको हुँदा उक्त निर्णय बदर हुनुपर्ने होइन। रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नु भएको बहस सुनियो।

११. उपर्युक्तानुसारको बहस सुनी प्रस्तुत रिट निवेदन जिकिर अनुसारको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णयमा पुग्न देहाय बमोजिमका प्रश्नमा केन्द्रीत रही निर्णय गर्नुपर्ने देखिन आयो।

(क) नेपाल **प्रहरीको प्रहरी महानिरीक्षक पदको बढुवा सम्बन्धमा के कस्ता संवैधानिक तथा कानूनी व्यवस्था आकर्षित हुन्छ ?**

(ख) **नेपाल सरकारको कार्यकारिणी अधिकार अन्तर्गत भएको निर्णयलाई अदालतले न्यायिक पुनरावलोकन गर्न मिल्ने हो होइन ?**

(ग) **नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९।१।१८ मा नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा ऐन नियमले तोकेको प्रक्रिया अवलम्बन गरिएको छ छैन?**

(घ) **नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदको बढुवामा जेष्ठता र कार्यसम्पादन वापत अंक प्रदान गरी सो आधारमा बढुवा गर्न मिल्ने हो होइन ? निवेदक नवराज सिलवाल भएको ०७३-WF-००२२ को मुद्दामा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने हो होइन?**

(ङ) **निवेदकको वैध अपेक्षा अनुसार प्रहरी महानिरीक्षक पदमा निजको बढुवा हुन पाउने हो होइन ?**

(च) **निवेदकको माग बमोजिमको आदेश जारी हुने हो वा होइन ?**

१२.सर्वप्रथम प्रस्तुत रिट निवेदनको तथ्यावलोकन गरी हेर्दा, म निवेदक प्रहरी अतिरिक्त महानिरीक्षकको पदमा सबैभन्दा जेष्ठ रहेको अवस्थामा म भन्दा कनिष्ट व्यक्ति विपक्षी धिरजप्रताप सिंहलाई कानूनले तोकेको आधारहरु पूरा नगरी प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने गरी भएको नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१।१८ को निर्णय सम्पूर्ण रुपमा गैरकानूनी स्वेच्छाचारी संविधान एवं कानूनी सिद्धान्त, प्रहरी ऐन नियम र सुरक्षा निकायको मूल्य मान्यता समेत विपरित भएकोले उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी जेष्ठता र कार्यसम्पादनका आधारमा म निवेदकलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरी सो पदमा नियुक्ति गर्नु गराउनु भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी गरी पाउँ भनी निवेदकको निवेदन दावी र प्रहरी नियमावली, २०७१ को नियम ४१ ले तोकेको ६ वटा मापदण्डको आधारमा प्रहरी अतिरिक्त महानिरीक्षकहरु मध्येबाट उपयुक्त उम्मेदवार धिरजप्रताप

सिंहलाई प्रहरी महानिरीक्षक पदमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१।१८ को निर्णयबाट बढुवा नियुक्ति भएको हो। प्रहरी महानिरीक्षक पदको नियुक्ति नेपाल सरकारको कार्यकारीणी कार्य अन्तर्गतको स्वविवेकीय कार्य हो। शक्ति पृथकीकरणको सिद्धान्तले कार्यकारीणी कार्यमा हस्तक्षेप गर्ने गरी अदालतले न्यायिक पुनरावलोकन गर्न मिल्दैन। नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपालको संविधान, प्रहरी ऐन नियम बमोजिम कानून सम्मत तरिकाले धिरजप्रताप सिंहलाई प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्त गरेकोले सो निर्णय बदर हुने होइन। रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षीहरुसमेतको लिखित जवाफ रहेको देखिन्छ।

१३. **अब पहिलो प्रश्न सम्बन्धमा हेर्दा**, नेपाल प्रहरीको तत्कालिन प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री मिति २०७९।१।१९ गते देखि अनिवार्य अवकाश हुने भै उक्त पद रिक्त हुने भई सो पदमा प्रहरी अतिरिक्त महानिरीक्षकहरु मध्येबाट प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नुपर्ने अवस्था रहेकोमा विवाद देखिएन। तत्कालिन प्रहरी महानिरीक्षक मिति २०७९।१।१९ मा तीस वर्ष समेत अवधि पूरा गरेका कारण अवकाश हुने भै रिक्त हुन आउने प्रहरी महानिरीक्षक पदमा नेपाल सरकारले मिति २०७९।१।१८ मा प्रहरी अतिरिक्त महानिरीक्षकहरु मध्येबाट धिरजप्रताप सिंहलाई नियुक्ति गरे पश्चात रिट निवेदकले प्रहरी महानिरीक्षक बढुवामा विवाद उठाई आफूभन्दा कनिष्टलाई नियुक्ति गरिएको आफू जेष्ठ रहेकोले प्रहरी महानिरीक्षक पदमा नियुक्ति हुनुपर्नेमा नेपाल सरकारले धिरजप्रताप सिंहलाई गरेको बढुवा निर्णय बदर गरी मलाई बढुवा गर्नू गराउनू भनी उत्प्रेषण परमादेशको आदेश जारी गरी पाउन निवेदकको रिट निवेदन परेको अवस्था देखिन्छ।

१४. संविधान राज्यको मूल कानून हो। संविधानले राज्यका तीन प्रमुख अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको संरचना र राज्य शक्तिको बाँडफाँड गरिदिएको हुन्छ। ती निकायहरुले संविधानले तोकेको सिमा भित्र रहि आ-आफ्नो जिम्मेवारी र भूमिका निर्वाह गरेको हुन्छ। संविधानको मर्म र भावना अनुसार आ-आफ्नो संवैधानिक सिमा र दायराभित्र रही काम कारवाही गर्ने कर्तव्य ती तीनै निकायको रहन्छ। संसदीय शासन प्रणालीको विशेषता भनेको नै व्यवस्थापिकामा जनप्रतिनिधिहरु रहने, व्यवस्थापिकामा बहुमत प्राप्त दल वा व्यक्तिको नेतृत्वमा कार्यपालिका बन्ने र स्वतन्त्र न्यायपालिका समेतको व्यवस्था रहने हो। राज्यका ती तीनै

अंगहरुले व्यवहारतः शक्ति पृथकीकरणको सिद्धान्तलाई अनुशरण गरी आ-आफ्नो कार्यसम्पादन गर्ने गर्दछन्।

१५. कार्यकारिणी शब्दले कार्यपालिका अन्तर्गत रहने राज्यका ती समस्त निकायहरुलाई जनाउँछ जो कानूनको माध्यमद्वारा व्यक्त गरिएको राज्यको इच्छा (Will of state) कार्यान्वयनसँग सम्बन्धित हुन्छन्। कार्यकारिणीको वरिपरि देशको वास्तविक मुलुकी प्रशासन सञ्चालित हुने गर्छ र यस भित्र प्रशासनमा संलग्न रहेका अधिकारीहरुसमेत समावेश भएका हुन्छन्। व्यापक अर्थमा कार्यपालिका अन्तर्गत मन्त्रिपरिषद्, निजामती प्रशासन, प्रहरी प्रशासन तथा सैन्य प्रशासनसमेत पर्दछन। सामान्यतः कानूनको कार्यान्वयन गर्ने प्रशासनको संचालन गर्ने र कर्मचारीहरु नियुक्ति, पदोन्नती र वर्खास्ती जस्ता कार्यलाई कार्यकारी कार्य मानिन्छ। नेपालको संविधानको धारा ७५(१) अनुसार नेपालको कार्यकारिणी अधिकार संविधान र कानून बमोजिम मन्त्रिपरिषद्मा निहित हुने र उपधारा (२) ले संविधान र कानूनको अधिनमा रही नेपालको शासन व्यवस्थालाई सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा सुम्पेको पाइन्छ। तथापि कार्यकारिणी निकायले आफ्नो अधिकारको प्रयोग गर्दा संविधान र कानूनको अख्तियारी अन्तर्गत रहेर मात्र गर्नुपर्ने हुन्छ। कार्यपालिकालाई प्राप्त अधिकारको प्रयोगमा सैद्धान्तिक र कार्यविधिगत दुवै प्रकृतिका सिमाहरु रहेका हुन्छ। संविधान र कानूनले तोकेको अधिकार भन्दा बढी अधिकारको प्रयोग कार्यपालिकाले गर्न पाउँदैन भने कुनै अधिकारको प्रयोगका सम्बन्धमा खास कार्यविधि निर्धारण गरिएको छ वा तोकिएको छ भने त्यस्तो कार्यविधिको पालना गर्नुपर्ने हुन्छ। यसबाट मात्र कानूनको शासनको स्थिति एवं संवैधानिक सर्वोच्चता कायम हुन जान्छ।

१६. कानून कार्यान्वयनको सन्दर्भमा प्रहरी सेवाको सञ्चालन कार्यपालिकाको एक महत्वपूर्ण कार्य हो। देशको शान्ति सुव्यवस्था नागरिकको जीउ ज्यानको सुरक्षाको जिम्मासमेत राज्यको हुन्छ र सो कार्य पनि कार्यपालिकाको कार्य अन्तर्गत पर्दछ। प्रहरी सेवा कार्यपालिका संयन्त्र अन्तर्गत पर्दछ। प्रहरी ऐन, २०१२ को दफा ४(१) मा **"प्रहरीको रेखदेख र नियन्त्रण गर्ने, प्रहरीलाई निर्देशन दिने अधिकार नेपाल सरकारको हुने, नेपाल सरकारको आदेश र निर्देशन पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुने"** तथा सो ऐनको दफा ५ मा "**प्रहरी प्रशासनको जिम्मेवारी**

**प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल सरकारले उपयुक्त सम्झेका नायब महानिरीक्षकलाई हुनेछ"** भन्ने कानूनी व्यवस्था रहेको पाईन्छ। प्रहरी ऐनको उपरोक्त मार्ग निर्देश बमोजिम बनेको प्रहरी नियमावली, २०७१ को नियम २७ ले प्रहरी अतिरिक्त महानिरीक्षक र सो भन्दा मुनिका प्रहरी कर्मचारीहरुको बढुवाका लागि नियम २१ बमोजिमको योग्यताक्रम, नियम २८ अनुरुपको सेवा अवधि, नियम ३०(२) को देहाय (क) देखि (ज) सम्मका सूचकहरुमा सम्भावित उम्मेदवारहरुले प्राप्त गरेको अंक समेतलाई मध्येनजर राखी बढुवा सिफारिस गर्न बढुवा समिति गठन गरेको देखिन्छ। तर, प्रहरी महानिरीक्षकका लागि ऐ. नियमावलीको नियम ४१ मा **"यस नियमावलीको नियम २८ मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा प्रहरी अतिरिक्त महानिरीक्षकहरु मध्येबाट र प्रहरी अतिरिक्त महानिरीक्षकहरु नभएको अवस्थामा प्रहरी नायब महानिरीक्षक मध्येबाट जेष्ठता, कार्य कुशलता, कार्य क्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थालाई हेर्दा प्रहरी अतिरिक्त महानिरीक्षक सम्मका प्रहरी कर्मचारीको बढुवा र प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने आधार र प्रक्रियामा तात्विक भिन्नता रहेको पाइन्छ।

१७. प्रहरी अतिरिक्त महानिरीक्षक पदसम्मको बढुवा प्रक्रियाका आधारहरु कार्यसम्पादन मूल्याङ्कन लगायतका गणितीय र प्राविधिक प्रकृतिको देखिन्छ भने प्रहरी महानिरीक्षक पदको बढुवा नियमावलीले तोकेको विभिन्न आधारहरुमा नेपाल सरकारले "**उपयुक्त देखेको**" सम्भावित उम्मेदवारलाई गर्न सकिने देखिन्छ। यी दुई पदको बढुवाको प्रक्रिया र आधारलाई तुलनात्मक रुपमा हेर्दा प्रहरी अतिरिक्त महानिरीक्षकसम्मको बढुवा नियमावलीले तोकेको बढुवाका विभिन्न आधारहरुमा प्राप्त अंक बढुवा समितिले गणना गरी निर्धारण गर्ने प्रकृतिको देखिन्छ भने प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा जेष्ठता, कार्य कुशलता लगायतका उम्मेदवारको समग्र क्षमताका आधारमा सरकारले "**उपयुक्त देखेको**" उम्मेदवारलाई बढुवा गर्न सक्छ। नियमावलीले तोकेको विभिन्न आधारहरुलाई समग्रमा वस्तुनिष्ठ मूल्यांकनबाट गर्नुपर्ने हुन्छ।

१८. **दोस्रो प्रश्नतर्फ हेर्दा,** संविधान र कानूनले प्रष्ट रुपमा निषेध गरेको स्थितिमा बाहेक कार्यकारिणी प्रकृतिका सबै अधिकारको प्रयोग गर्ने अधिकार सामन्यतयाः कार्यपालिकामा नै निहित रहन्छ। संविधानको धारा ७५ ले नेपालको कार्यकारिणी अधिकार संविधान र कानून बमोजिम मन्त्रिपरिषद्‌मा निहित हुने व्यवस्था गरेको पाइन्छ। राज्यको कार्यकारिणी अधिकार प्रयोग गर्न पाउने मन्त्रिपरिषद्‌ले मुलुकको शान्ति र व्यवस्था बहाली गर्ने कर्तव्य भएको मातहतको प्रहरी प्रमुखलाई प्रहरी नियमावली, २०७१ को नियम ४१ अधिनमा रही बढुवा गर्न सक्दैन भनी अर्थ गर्दा संविधान प्रदत्त कार्यकारिणी अधिकार र सुरक्षा निकाय संचालित हुने नियन्त्रण प्रणाली (Chain of command) बीचको तादम्यतालाई एकाकार गरी राज्य संचालन गर्ने कार्यकारिणीको भूमिकालाई नजर अन्दाज गरेको देखिन आउँछ। प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्त गर्ने नेपाल सरकारको कार्यकारिणी कार्य नै हो भन्ने सम्बन्धमा विवाद पनि देखिँदैन। सामान्यतः कार्यपालिकाले गरेको कुनै पनि काम कारवाहीहरु संविधानले नै स्पष्टतः अदालतमा प्रश्न उठाउन पाउने छैन भनी सिमा लगाएको अवस्थामा बाहेक न्यायिक पुनरावलोकनको कसीमा जाँचिन सक्ने नै हुन्छ। संविधान र कानून विपरित कार्यपालिकाबाट भए गरेका काम कारवाही अदालतमा प्रश्न उठाउन नपाउने हो भने वा न्यायिक जाँचबाट उन्मुक्ति पाउनुपर्छ भन्ने हो भने त्यो अराजक हुन्छ, कानूनी शासन कायम हुन सक्दैन। न्यायपालिकाले कार्यकारी निकाय वा अधिकारीले प्रयोग गरेको अधिकार वा गरेका निर्णय वा काम कारवाही संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा गरेको छ, छैन हेर्नु पर्दछ। यस अदालतबाट निवेदक **नवराज सिलवाल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत भएको ०७३-WF-००२३ को उत्प्रेषणसमेत** मुद्दामा वृहत पूर्ण इजलासबाट **"कार्यकारी अधिकारको प्रयोगमा स्पष्टतःकानूनको उल्लङ्घन भएको वा बदनियतपूर्वक प्रयोग गरेको भनी देखिन नआएको अवस्थामा अदालतले आफैं प्रश्न उठाउन मिल्दैन। यद्दपी यसको अर्थ प्रहरी प्रमुख नियुक्ति सम्बन्धी कार्यकारी अधिकारको प्रयोगको विषय न्यायिक पुनरावलोकनको विषय नै बन्न सक्दैन भन्ने होइन तर त्यसका लागि प्रयाप्त आधारहरु हुन जरुरी छ । यसरी सरकारले गरेको महानिरीक्षक पदमा बढुवाको निर्णय सम्मानित सर्वोच्च अदालतको न्यायिक पुनरावलोकन (Judicial Review of Administrative Act) को क्षेत्राधिकार भित्रै रहेको "**

भनी सिद्धान्त कायम भएको छ। उल्लिखित न्यायिक सिद्धान्त समेतका आधारमा प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१ को प्रहरी महानिरीक्षक बढुवा सम्बन्धी यो व्यवस्थालाई समेत कार्यकारी अधिकारको प्रयोग सम्बन्धी यसै मान्यताका आधारमा परीक्षण गर्न सकिने नै देखियो। यसर्थ प्रहरी महानिरीक्षक पदको बढुवा सरकारको कार्यकारिणी कार्य भएकोले सो निर्णयलाई अदालतबाट न्यायिक पुनरावलोकन हुन सक्दैन भनी प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरुको लिखित बहस नोट तथा बहस जिकिरसँग सहमत हुन सकिएन।

१९. **तेस्रो प्रश्न तर्फ हेर्दा,** नेपाल प्रहरीका प्रहरी महानिरीक्षक पदको बढुवाका प्रक्रियाका सम्बन्धमा प्रहरी नियमावली, २०७१ ले कानूनी व्यवस्था गरेको पाइन्छ। प्रहरी नियमावली, २०७१ को नियम २८ ले प्रहरी कर्मचारीको बढुवाका लागि उम्मेदवार हुन चाहिने सेवा अवधिको बारेमा व्यवस्था गरेको छ। नियम २८ को उपनियम (२) मा "**उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी नायब महानिरीक्षक र सो भन्दा माथिल्लो पदमा बढुवा हुन न्यूनतम् सेवा अवधिको हद लाग्ने छैन**" भन्ने नियम ४१क "**प्रहरी अतिरिक्त महानिरीक्षक पदमा नियम २७ को उपनियम (१) को खण्ड (क) को बढुवा समितिको सिफारिसमा र प्रहरी महानिरीक्षक पदमा नियम ४१ को अधिनमा रही बढुवाको लागि मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नुपर्नेछ**" र नियम ४१ मा "**यस नियमावलीको नियम २८ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा प्रहरी अतिरिक्त महानिरीक्षकहरु मध्येबाट र प्रहरी अतिरिक्त महानिरीक्षकहरु नभएको अवस्थामा प्रहरी नायब महानिरीक्षकहरु मध्येबाट जेष्ठता कार्यकुशलता, उतरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नेछ**" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७९।१।१८ मा विपक्षी धिरजप्रताप सिंहलाई प्रहरी महानिरीक्षक पदमा बढुवाको निर्णय गर्दा उल्लिखित यी प्रक्रिया पूरा गरेको छ, छैन भन्ने तर्फ हेर्दा, प्रहरी महानिरीक्षक पदमा बढुवा हुनका लागि प्रहरी अतिरिक्त महानिरीक्षक पदमा कार्यरत रहेको अवस्थामा निजहरु मध्येबाट बढुवा गर्नु पर्ने

देखिन्छ। रिट निवेदक र विपक्षी धिरजप्रताप सिंहसमेतका व्यक्ति प्रहरी अतिरिक्त महानिरीक्षक पदमा कार्यरत रहेको कुरामा विवाद देखिँदैन। प्रहरी महानिरीक्षक पदमा बढुवा हुनका लागि सेवा अवधि नलाग्ने हुँदा प्रहरी अतिरिक्त महानिरीक्षक पदमा कार्यरत रहेका सबै व्यक्ति प्रहरी महानिरीक्षक पदका लागि उम्मेदवार हुन योग्य रहेकोमा पनि विवाद देखिँदैन। रिट निवेदक र विपक्षी धिरजप्रताप सिंह दुवै जना प्रहरी महानिरीक्षक पदका लागि योग्यता पुगेका उम्मेदवार रहेको कुरामा विमती राख्ने अवस्था छैन। नियम ४१क. बमोजिम गृह सचिवले आधार कारण खोली प्रहरी महानिरीक्षक पदमा बढुवाको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न मिति २०७९।१।१८ मा गृहमन्त्री समक्ष टिप्पणी पेश गरेको र सोही मितिमा गृहमन्त्रीबाट सो टिप्पणी सदर भई गृह मन्त्रालयबाट प्रहरी महानिरीक्षक पदमा बढुवाको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश भई नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९।१।१८ मा बढुवा सम्बन्धी निर्णय भएको देखिन्छ। यसरी नेपाल सरकार मन्त्रिपरिषद्ले प्रहरी महानिरीक्षक पदमा नियुक्त गर्दा कानूनले तोकेको प्रक्रिया अवलम्बन गरेको देखिँदा बढुवाको निर्णय प्रक्रियामा कार्यविधिगत कुनै त्रुटी रहे भएको देखिएन।

२०. **चौथो प्रश्न तर्फ हेर्दा**, रिट निवेदकले मूख्य रुपमा प्रहरी अतिरिक्त महानिरीक्षक पदमा आफू जेष्ठ रहेको र नियम ३० अनुसार बढुवाका आधारहरु बापत प्रदान गरिने अंक समेतका आधारमा सबैभन्दा बढी अंक प्राप्त गरेको हुँदा विपक्षीलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने गरेको निर्णय बदर गरी मलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरिपाउँ भन्ने दावी रहेको देखिन्छ। नेपाल प्रहरीका प्रहरी कर्मचारीहरुको बढुवाका सन्दर्भमा प्रहरी नियमावली, २०७१ ले दुईवटा फरक-फरक कानूनी व्यवस्था गरेको देखिन्छ। प्रहरी जवान देखि प्रहरी अतिरिक्त महानिरीक्षकको पद सम्मका लागि नियम २८, ३० र ३३ मा व्यवस्था गरेको छ भने प्रहरी महानिरीक्षक पदमा बढुवाका लागि नियम ४१ र ४१क मा व्यवस्था गरेको देखिन्छ। विधायिकाले कानून निर्माण गर्दा कानून बनाउनुको पछाडि खास उद्देश्य राखेको हुन्छ। प्रहरी कर्मचारीको बढुवाको विषयमा नै दुई किसिमको छुट्टाछुट्टै कानूनी व्यवस्था गर्नुको उद्देश्य अवश्य पनि मुलुकको शान्ति र सुव्यवस्थाको प्रमुख दायित्व नेपाल सरकारको हुने र सो कार्यमा प्रहरी संगठनको अहम भूमिका रहेको हुन्छ। प्रहरी संगठनको प्रमुखको प्रत्यक्ष सम्बन्ध

नेपाल सरकारसँग रहेको हुन्छ। chain of command को दृष्टिकोणबाट सरकारलाई शासन संचालन गर्न सहजता होस् भन्ने दृष्टिकोणबाट विधायिकाले प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने अधिकार नेपाल सरकारलाई दिएको देखिन्छ। कानूनले तोकेको कार्यविधि र मापदण्ड बमोजिम सरकारले बढुवा गर्नु कानूनी कर्तव्य पनि हो। प्रहरी सेवाको सम्पूर्ण कर्मचारीलाई नियम ३० ले व्यवस्था गरे अनुसार अंक गणनाको आधारमा बढुवा नियुक्ति गर्नुपर्ने भए पनि प्रहरी महानिरीक्षक पदको बढुवा अंक गणना गरी बढुवा नगरी विधायिकाले प्रहरी महानिरीक्षक पदमा बढुवाको सम्बन्धमा नियम ४१ को छुट्टै व्यवस्था गरेकोबाट पनि निवेदकले निवेदनमा दावी गरे जस्तै नियम ३० बमोजिम अंक गणना गरी बढुवा गर्ने होइन। नियम ४१ ले जेष्ठता समेतका उल्लिखित अन्य आधारमा नेपाल सरकारले **"उपयुक्त"** उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा नियुक्ति गर्ने व्यवस्था गरेको छ। निवेदक प्रहरी अतिरिक्त महानिरीक्षक पदमा जेष्ठ रहेको कुरामा विवाद छैन। तर नियम ४१ ले जेष्ठता लगायत ६ वटा मापदण्डहरुका आधारमा बढुवा गर्ने व्यवस्था गरेको छ। केवल जेष्ठतालाई मात्र आधार मानि अन्य मापदण्डलाई निरर्थक हुने गरी बढुवा निर्णय हुन गर्न सक्दैन। जेष्ठता लगायत ६ वटै आधारहरुमा उपयुक्त उम्मेदवारलाई नेपाल सरकारले नियुक्ति गर्नुपर्ने हुन्छ। जेष्ठता सम्बन्धमा सर्वोच्च अदालतबाट रविप्रताप राणासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत (ने.का.प. २०७० अंक ७ नि.नं. ९०३२) को उत्प्रेषण मुद्दामा **"सबै आधारहरुमा सर्वोत्तम अंक प्राप्त गर्नेले मात्र बढुवा पाउने स्थितिमा जेष्ठ कर्मचारीले प्राथमिकता पाउनुपर्ने भन्न कानूनतः नमिल्ने"** भनी व्याख्या भएको छ। नियम ३० बमोजिम अंक गणना गरी हुने बढुवा objective रहेको देखिन्छ भने नियम ४१ बमोजिम हुने बढुवाको आधार नै भिन्न प्रकृतिको रहेको देखिन्छ। नियम ४१ बमोजिम हुने बढुवाको लागि जेष्ठता एउटा आधार हुने भए पनि जेष्ठताकै आधारमा प्रहरी महानिरीक्षक पदमा बढुवा हुने नभई अन्य आधारहरु समेतका रोहबाट उपयुक्त उम्मेदवार बढुवा हुने देखिन्छ। अतः नियम ३० बमोजिम अंक गणना गरी प्रहरी महानिरीक्षक पदमा बढुवा गरीपाउँ भन्ने निवेदन दावीसँग सहमत हुन सकिएन।

२१. निवेदकले कार्य सम्पादन मूल्यांकन बापत प्राप्त अंकको आधारमा समेत आफू प्रहरी महानिरीक्षक पदमा बढुवा हुन पाउनु पर्ने जिकिर लिएको तर्फ हेर्दा, प्रहरी नियमावलीको नियम ३० को उपनियम (१) ले "**बढुवा समितिले प्रहरी कर्मचारीलाई कार्यक्षमता बापत पाएको कूल अंकको आधारमा बढुवाको लागि सिफारिस गर्नेछ**" भन्ने व्यवस्था गरेको पाइन्छ। उपनियम (१) बमोजिम कार्यक्षमताको मूल्यांकन गर्दा (क) कार्यसम्पादन मूल्यांकन (ख) जेष्ठता (ग) भौगोलिक क्षेत्रमा काम गरेको अनुभव (घ) शैक्षिक योग्यता (ङ) तालिम (च) चुनौती पूर्ण वा विशेष जिम्मेवारी र (छ) बढुवा समितिले दिने अंक गरि तोकिए बमोजिम बढीमा एकसय अंक दिइने व्यवस्था उपनियम (२) ले गरेको देखिन्छ। नियम २८(४) ले बढुवाको लागि न्यूनतम सेवा अवधिको लागि अंक दिने व्यवस्था गरेको छ। नियम ४१ ले प्रहरी महानिरीक्षक पदमा बढुवाको लागि सेवा अवधि नचाहिने र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा कार्यरत रहेको मध्येबाट प्रहरी महानिरीक्षक पदमा बढुवा हुने व्यवस्था गरेको छ। नियम २८ को उपनियम (४) मा उल्लेख भएको "**कार्यसम्पादन मूल्यांकन**" भन्ने वाक्यांश नियम ३०(१) मा उल्लेख भएको "**कार्यक्षमता बापतको कूल अंक**" भन्ने प्रयोजनको लागि हो। नियम ४१ मा उल्लेख भएको "**कार्यक्षमता**" भन्ने शब्द अंक प्रदान गर्ने प्रयोजनका लागि होइन। अंक प्रदान गरी बढुवा गर्ने व्यवस्था "**बढुवा समिति**" लाई प्रदान गरेको छ। नियम ४१ ले तोकेको आधारहरुमा "**उपयुक्त**" उम्मेदवारलाई बढुवा गर्ने अधिकार नेपाल सरकारलाई कानूनले प्रदान गरेको छ। नियम ४१ मा उल्लिखित आधारहरुमा प्रष्ट रुपमा अंक तोक्ने र गणना गर्ने आधारहरु नभएको विषयहरुमा कुन उम्मेदवार उत्कृष्ट थिए वा थिएनन् भन्ने विषय सम्बन्धित मूल्यांकनकर्ताको सन्तुष्टिमा निर्भर रहेको मान्नुपर्ने हुन्छ। तर त्यस्तो सन्तुष्टिक तर्कसंगत आधार हुनै पर्ने हुन्छ। प्रहरी अतिरिक्त महानिरीक्षक पदमा कार्यरत रहेको व्यक्तिलाई प्रहरी महानिरीक्षक पदमा बढुवाको लागि योग्यता पुगेको मानिने र यति सेवा अवधि नै पुग्नु पर्ने भन्ने अनिवार्य नभएकोबाट कार्यसम्पादन मूल्यांकन बापत प्राप्त अंकको आधारमा समेत आफूलाई प्रहरी महानिरीक्षक पदमा बढुवा हुन पाउनुपर्ने निवेदन दावी जिकिरसँग सहमत हुन सकिएन।

२२. रिट निवेदकले नवराज सिलवाल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार भएको ०७३-WF-००२२ को मुद्दामा प्रतिपादन भएको सिद्धान्त समेतको

आधारमा नेपाल सरकारको प्रहरी महानिरीक्षक पदमा मिति २०७९।१।१८ को निर्णय बदर गरिपाउँ भन्ने दावी लिएको तर्फ हेर्दा, रिट निवेदक नवराज सिलवाल भएको ०७३-WF-००२२ को मुद्दामा "**///विगत चार आर्थिक वर्षको कार्यसम्पादन मूल्यांकनमा प्रतिस्पर्धीहरु मध्ये र औषत उच्चतम् अंक समेत प्राप्त गरेका व्यक्तिलाई प्रहरी महानिरीक्षक पदमा नियुक्त गर्नू"** भनी आदेश भएको देखिन्छ। उक्त फैसला अनुसार मलाई प्रहरी महानिरीक्षक पदमा बढुवा नगरी म भन्दा कनिष्टलाई बढुवा गरेको नेपाल सरकारको निर्णय बदर गरी फैसला बमोजिम मलाई प्रहरी महानिरीक्षक पदमा नियुक्ति गरी पाउँ भन्ने नवराज सिलवालले पुनः दिएको ०७३-WF-००२३ को रिट निवेदनमा बृहत पूर्ण इजलासबाट सो मुद्दामा फैसला हुँदा "**प्रहरी नियमावलीको नियम ३० र ३१ को कानूनी व्यवस्था प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा अक्षरस पालन गर्नुपर्छ भनी अर्थ गर्दा नियम ४१ को क्षेत्र संकुचित हुन पुग्छ। प्रहरी नियमावलीको उपरोक्त व्यबस्थालाई हेर्दा प्रहरी महानिरीक्षकको पदमा बढुवा गर्दा तल्लो पदको कार्यसम्पादन मूल्यांकनको योगफलको आधारमा मात्र गर्नुपर्ने होइन। बढुवाका विभिन्न आधारहरु मध्ये कार्यसम्पादन मूल्यांकनमा प्राप्त अङ्क एक आधार मात्र हो। तथापि यस अदालतको मिति २०७३।१२।८ को आदेशले विगत चार आर्थिक वर्षको कार्यसम्पादन मूल्यांकनमा सबभन्दा बढी अंक प्राप्त गर्ने प्रहरी नायब निरीक्षकलाई प्रहरी महानिरीक्षकको पदमा बढुवा गर्नू भनी आदेश गरेको सन्दर्भमा मन्त्रिपरिषद्ले सोही आधारमा कार्यसम्पादन मूल्यांकनको गणनामा सबभन्दा बढी अंक प्राप्त गर्ने प्रहरी नायब निरीक्षक प्रकाश अर्याललाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरेको भन्ने देखिँदा प्रस्तुत विवादका सन्दर्भमासम्म नियम ४१ को व्याख्यालाई यस अदालतको मिति २०७३।१२।८ को आदेशमा मात्र सिमित गर्नुपर्ने देखिन आउँछ"** भन्ने व्याख्या भएको देखिन्छ। उक्त मुद्दामा भएको तथ्यमा नै फरक रहेको स्थिति देखिन्छ। सो मुद्दामा प्रहरी अतिरिक्त महानिरीक्षक नभएको स्थिति भई प्रहरी नायब महानिरीक्षक मध्येबाट बढुवा गर्ने सन्दर्भ रहेको देखिन्छ। साथै रिट नं. ०७३-WF-००२३ को मुद्दामा नियम ४१ बमोजिम प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा नियम ३० र ३१ को अक्षरस पालन गर्न मिल्दैन भनी व्याख्या भएको साथै रिट नं. ०७३-WF-००२२ को मुद्दामा विगत चार आर्थिक वर्षको कार्यसम्पादन मूल्यांकनमा प्रतिस्पर्धीहरु मध्ये औषत उच्चतम् अंक समेत प्राप्त गरेका

व्यक्तिलाई प्रहरी महानिरीक्षक पदमा नियुक्त गर्नु भनी भएको आदेश सो मुद्दाका सन्दर्भमासम्म नियम ४१ को व्याख्यालाई यस अदालतको मिति २०७३।१२।८ को आदेशमा मात्र सिमित गर्नुपर्ने व्याख्या भएको देखिन्छ। सात जना माननीय न्यायधीश भएको बृहतपूर्ण इजलासको फैसलाले ०७३-WF-००२२ को मुद्दामा भएको व्याख्यालाई सो बाहेकका अन्य मुद्दामा आकर्षित हुने देखिएन। यसरी निवेदक नवराज सिलवाल भएको ०७३-WF-००२२ को मुद्दामा नियम ४१ को व्याख्या भई प्रतिपादन भएको सिद्धान्त प्रस्तुत रिट निवेदनमा आकर्षित हुन सक्ने देखिएन।

२३. **पाँचौ प्रश्नतर्फ हेर्दा,** कुनै योग्यता पुगेको उम्मेदवारले माथिल्लो पदमा बढुवाका लागि उम्मेदवार हुन पाउन वैध अपेक्षा राख्नु स्वभाविक नै हुन्छ। यस्ता अपेक्षा भएका प्रतिस्पर्धीहरु मध्ये विधि र प्रक्रियाका आधारमा कानूनले निर्दिष्ट गरेको आधारमा बढुवा पाउनु कानून सम्मत वैध अपेक्षा हुन जान्छ। प्रस्तुत रिटको सन्दर्भ हेर्दा, प्रहरी अतिरिक्त महानिरीक्षक पदमा ६ जना कार्यरत रहेको देखिन्छ। प्रहरी नियमावलीको नियम ४१ अनुसार प्रहरी अतिरिक्त महानिरीक्षक पदमा कार्यरत सबै जना सो भन्दा माथिल्लो पद प्रहरी महानिरीक्षकमा बढुवा हुन पाउन वैध अपेक्षा राख्नुलाई अन्यथा मानिदैंन। समान प्रतिस्पर्धी उम्मेदवार मध्ये कानूनले निर्दिष्ट गरेको स्थितिमा उपयुक्त उम्मेदवारलाई नियुक्त गर्नु वैध अपेक्षाको सिद्धान्त विपरित भन्न मिल्दैन। यसै सन्दर्भमा सर्वोच्च अदालतबाट निवेदक नवराज सिलवाल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको ०७३-WF-००२३ को उत्प्रेषण मुद्दामा बृहतपूर्ण इजलासबाट **"... प्रहरी नियमावलीको नियम ४१ बमोजिम तोकिएका सम्पूर्ण आधारहरु विपक्षी प्रकाश अर्यालसँग रहेको भनी नेपालको संविधानको धारा ७५ बमोजिम मुलुकको कार्यकारिणी अधिकार निहित रहेको मन्त्रिपरिषद्ले ठहर गरेको विषयलाई वस्तुगत आधार प्रमाणविना अन्यथा मान्न उचित हुँदैन कार्यसम्पादन मूल्यांकनबाट देखिएको वस्तुगत आधार र अधिकार प्राप्त निकाय कार्यकारिणीले उचित ठहऱ्याई प्रतिस्पर्धी मध्येका कुनै उम्मेदवारलाई बढुवा गर्नुपर्ने रिक्त एक पदमा बढुवा गर्ने निर्णय गरिसकेपछि अन्य प्रतिस्पर्धी उम्मेदवारहरुको सोही पदमा बढुवा पाउने वैध अपेक्षा रहि रहन्छ भनी सम्झन न्यायोचित हुन जादैन"** भनी व्याख्या भएको छ। रिक्त रहेको पदमा वैध अपेक्षा भएका बढुवाका संभावित उम्मेदवारहरु मध्येबाट कुनै व्यक्तिको बढुवा कानून सम्मत

तरिकाले भएको अवस्थामा पनि निवेदकलाई सोही पदमा बढुवा गरी वैध अपेक्षाको हकलाई अदालतले संरक्षण गरिदिनु पर्छ भन्ने निवेदन दावी तथा निजको तर्फबाट कानून व्यवसायीहरुले गर्नु भएको बहस जिकिरसँग सहमत हुन सकिएन।

२४. निवेदकले नियमावलीको नियम ४१ बमोजिम प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा नियम ४१ ले तोकेको बढुवाका आधारहरुलाई नियम ३० बमोजिम अंक प्रदान गरी गणना गरी बढुवा हुनुपर्ने निवेदन दावी रहेको देखिन्छ। प्रहरी नियमावली, २०७१ को बढुवा सम्बन्धी कानूनी व्यवस्थालाई दुई छुट्टा छुट्टै नियममा व्यवस्था गरेको देखिन्छ। प्रहरी जवान देखि प्रहरी अतिरिक्त महानिरीक्षक सम्मको पदलाई नियम २८ र ३० तथा प्रहरी महानिरीक्षक पदका लागि नियम ४१ मा व्यवस्था गरेको देखिन्छ। प्रहरी जवान देखि प्रहरी अतिरिक्त महानिरीक्षक सम्मको पदमा बढुवा हुनलाई नियम २८ बमोजिम योग्यता पुगेकोलाई नियम ३० बमोजिम बढुवा समितिले प्रदान गर्ने अंकको आधारमा सबै भन्दा बढी अंक प्राप्त गर्नेले बढुवा पाउने व्यवस्था गरेको देखिन्छ, जवकी प्रहरी महानिरीक्षक पदमा बढुवा हुनलाई नियम २८(४) बमोजिम सेवा अवधि नलाग्ने भई नियम ४१ मा उल्लेख भएका जेष्ठता लगायतका ६ वटा मापदण्डको आधारमा "**उपयुक्त लागेको उम्मेदवारलाई**" नेपाल सरकारले नियुक्ति गर्ने व्यवस्था छ। नियम ४१ बमोजिमको बढुवाको लागि तोकिएको आधारहरुलाई नियम ३० बमोजिम अंक प्रदान गरी बढुवा गर्नुपर्ने भए सो सम्बन्धमा नियम ४१ को छुट्टै व्यवस्था गर्नुको कुनै औचित्य देखिँदैन। न त नियम ४१ मा नियम ३० बमोजिम अंक प्रदान गर्नुपर्ने कानूनी व्यवस्था उल्लेख भएको अवस्था देखिन्छ। जहाँ कानूनमा नै पद अनुसार बढुवाको लागि छुट्टाछुट्टै कानूनी व्यवस्था गरेको र नियम ३० बमोजिम अंक प्रदान गरी बढुवा गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था उल्लेख नभएको अवस्थामा निवेदकले दावी गरे अनुसार नियम ४१ बमोजिमको बढुवामा नियम ३० बमोजिमको अंक प्रदान गर्नुपर्छ भन्ने जिकिर ग्राहय योग्य देखिएन।

२५. **छैठौं प्रश्नतर्फ हेर्दा,** प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा जेष्ठताको आधारमा म निवेदकलाई बढुवा गर्नुपर्नेमा प्रहरी ऐन नियम विपरित पूर्वाग्रही एवं स्वेच्छाचारी ढंगले म भन्दा कनिष्टलाई नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने गरी नेपाल सरकारले मिति

२०७९।१।१८ मा गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदकलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नू गराउनू भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदन दावी रहेको देखिन्छ। नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवाको सम्बन्धमा प्रहरी नियमावली, २०७१ को नियम ४१ मा कानूनी व्यवस्था गरेको देखिन्छ। उक्त नियम ४१ को कानूनी व्यवस्थानुसार जेष्ठता सहितका तोकेका ६ वटा मापदण्डको आधारमा **"उपयुक्त उम्मेदवारलाई"** नेपाल सरकारले प्रहरी महानिरीक्षक पदमा नियुक्ति गर्ने व्यवस्था रहेको छ। नियम ४१ को कानूनी व्यवस्थानुसार जेष्ठता सहित छ वटै मापदण्डको आधारमा उपयुक्त उम्मेदवारलाई नेपाल सरकारले प्रहरी महानिरीक्षक पदमा नियुक्त गर्ने व्यवस्था रहेको छ। उल्लेखित ६ वटा मापदण्ड मध्ये केवल एउटा जेष्ठताको मापदण्ड पुरा गरेको आधारमा मात्र प्रहरी महानिरीक्षक पदमा बढुवा हुन पाउने अवस्था होइन। जेष्ठता मात्रको आधारमा बढुवा भए गरेमा कानूनले तोकेको अन्य ५ वटा मापदण्ड निरर्थक हुन जान्छ। नियम ४१ ले तोकेको जेष्ठता लगायत ६ वटा मापदण्डहरुबाट उपयुक्त देखिनु पर्दछ। जेष्ठता मात्रको आधारमा बढुवा गर्न मिल्ने भए नियम ४१ मा अन्य ५ वटा मापदण्ड राख्नुको कुनै औचित्य हुँदैन। प्रहरी महानिरीक्षक पदमा बढुवाको लागि प्रहरी अतिरिक्त महानिरीक्षक पदमा कार्यरत रहेका सबै व्यक्ति उम्मेदवार हुन योग्य मानिने कानूनी व्यवस्था रहेको समेतबाट केवल जेष्ठता मात्रले बढुवा पाउने अवस्था आउँदैन। प्रहरी महानिरीक्षक पदमा बढुवाका लागि बरिष्ठ र कनिष्ठ सबै उम्मेदवार हुन पाउने अवस्था रहेकोबाट नियम ४१ को व्यवस्थानुसार जेष्ठता लगायतका ६ वटै मापदण्डको आधारमा बढुवा हुन पाउने हो। जेष्ठता बढुवाका लागि एउटा आधारसम्म हो। जेष्ठता मात्र बढुवा पाउने सम्पूर्ण आधार होइन। प्रहरी नियमावली, २०७१ मा बढुवाको सम्बन्धमा भएको व्यवस्थाहरु मध्ये प्रहरी महानिरीक्षक पदको बढुवा सम्बन्धमा भएको यो छुट्टै व्यवस्था हो। नियमावलीको नियम ४१ को प्रावधान स्वतन्त्र छ। नियमका अन्य व्यवस्थाले यस व्यवस्थालाई नियन्त्रण वा संकुचित गरेको अवस्था छैन। नेपाल सरकार, मन्त्रिपरिषद्ले प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा कानूनले तोकेको कार्यविधिको पालना नगरेको वा कानूनको प्रत्यक्ष त्रुटी गरेको अवस्थामा मात्र अदालतले कार्यकारिणी अधिकारको प्रयोग गरी गरिएको निर्णयमा न्यायिक पुनरावलोकनको विषय बन्न

सक्ने हुन्छ। प्रहरी ऐन नियमले वरिष्ठताको आधारमा मात्र प्रहरी प्रमुखको नियुक्ति गर्नुपर्ने व्यवस्था भएको नभई अन्य आधारहरु पनि भएको स्थितिमा कार्यकारी अधिकारको प्रयोगमा स्पष्टतः कानूनको उल्लंघन भएको वा बदनियतपूर्वक प्रयोग गरेको भनी देखिन आउँदैन। निवेदकले कार्यकारीको निर्णयलाई पूर्वाग्राही एवं स्वेच्छाचारी निर्णय भनी निवेदनमा उल्लेख गरे पनि पूर्वाग्राही एवं स्वेच्छाचारी देखिने वस्तुगत आधार निवेदकले देखाउन सकेको छैन। रिट निवेदनमा जिकिर लिएकै आधारमा सो सम्बन्धी सरकारको निर्णय पूर्वाग्रही एवं स्वेच्छाचारी भनी निश्कर्ष निकाल्न कानूनसम्मत हुने देखिँदैन।

२६.प्रहरी नियमावली, २०७१ को नियम ४१ मा **"यस नियमावलीको नियम २८ मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा प्रहरी अतिरिक्त महानिरीक्षकहरु मध्येबाट र प्रहरी अतिरिक्त महानिरीक्षकहरु नभएको अवस्थामा प्रहरी नायब महानिरीक्षक मध्येबाट जेष्ठता, कार्य कुशलता, कार्य क्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उल्लिखित कानूनले तोकिएका सम्पूर्ण आधारहरु विपक्षी धिरजप्रताप सिंहसँग रहेको भनी नेपालको संविधानको धारा ७५ बमोजिम मुलुकको कार्यकारिणी अधिकार निहित रहेको मन्त्रिपरिषद्ले उपयुक्त ठहर गरेको नियुक्तिलाई वस्तुगत आधार एवं ठोस प्रमाण विना अन्यथा मान्दा कार्यपालिकाको काम कर्तव्य अधिकारमा दखल पुग्न जाने हुन्छ। प्रहरी नियमावलीले प्रहरी महानिरीक्षकका सम्बन्धमा तोकेको बढुवा प्रक्रिया बमोजिम संभावित उम्मेदवारहरुमध्ये नियम ४१ को सम्पूर्ण आधारहरु पूरा गरेको उपयुक्त उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७९।१।१८ गतेको निर्णयमा निवेदकले उठाएका प्रश्नहरु जस्ता कानूनी त्रुटी देखिन आएन।

२७.अतः माथि विवेचित कारण र आधारहरुबाट प्रहरी नियमावली, २०७१ नियम ४१ को कानूनी व्यवस्था बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०७९।१।१८ मा प्रहरी अतिरिक्त महानिरीक्षक धिरजप्रताप सिंहलाई प्रहरी महानिरीक्षक पदमा गरेको बढुवा निर्णयमा रिट निवेदन

जिकिर बमोजिम संविधान, प्रहरी ऐन तथा नियमावली समेतको त्रुटी नदेखिएकोले उक्त निर्णय बदर गरी निवेदक विश्वराज पोखरेललाई प्रहरी महानिरीक्षक पदमा नियुक्ति दिनू भनी विपक्षीहरुको नाममा माग बमोजिमको उत्प्रेषण परमादेशसमेतको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू।

का.मु.प्रधान न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत(उपसचिव) जानकी रमण यादव
कम्प्युटर टाईप गर्नेः

इति सम्वत २०७९ साल असार ३१ गते रोज ६ शुभम्.........................................।